## [गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितको स्वागत भाषण]

**ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:**
**मृत्योर्मा अमृतंगमय: ॐ शान्ति: शान्ति: शान्ति:**

**आदरणीय सम्मानित 'व्यौलाद्वय', डा. टङ्क सुब्बाज्यू तथा सभ्यगण,**

२०६३ सालको मदन पुरस्कार समारोहमा तपाईंहरूलाई हार्दिक स्वागत छ। सधैँझैँ म तपाईंहरूसँग एकपटक मदन-जगदम्बालाई स्मरण गर्न आग्रह गर्दै मनैमन उहाँहरू दुवैलाई स्वागत जनाउँदछु।

आज एउटा इतिहासको पुनरावृत्ति भएको छ। तपाईंहरूलाई सुन्दा अचम्म लाग्ला, पचास वर्षअघि फन्डैफन्डै यसै स्थलमा (यहाँभन्दा करिब २० फिट तल) रानी जगदम्बाले पहिलोपटक मदन पुरस्कारका नाइलीमा कपूरको बत्ती बाली सत्यमोहनजी र चित्तरञ्जनजीको अभ्यर्थना गरेर चारचार हजार रुपियाँको चेक हस्तान्तरण गर्नुभएको थियो। त्यो भवन र त्यो 'ठूलो बैठक' त ऐले पाताल भैसक्यो तर त्यसै थलोमा नयाँ भवन ठड्याएर रातो बङ्गला स्कूलले यो भवन र यो भव्य रङ्गशाला स्थापित गरिदिएको छ र हामीले यो इतिहास रच्न पाएका हौँ। रातो बङ्गलालाई धन्यवाद छ।

टङ्क सुब्बाज्यू, त्यति टाढा मेघालयबाट आउनुभएका तपाईंलाई यस्तो भावुक कुरा सुन्दा उदेक लाग्यो होला। तर आधा शताब्दीअघिदेखि हामी मदन पुरस्कारसँग सम्बन्धित सबै यो समारोहका क्षणमा यस्तै भावुक हुन्छौं। हाम्रो निम्तो मानेर तपाईं यहाँ आइदिनुभयो, हामी कृतकार्य भएका छौं। म तपाईंलाई हार्दिक स्वागत गर्दछु।

डा. तीर्थबहादुर श्रेष्ठज्यू, महेशविक्रम शाहज्यू, तपाईं दुई जनालाई त स्वागत भन्न पनि मलाई सङ्कोच हुन्छ, किनभने यो तपाईंहरूकै कार्यक्रम हो। तपाईं दुई जना यसका कारणी, हामी त निमित्त मात्र हौं। भए पनि, औपचारिक रूपमा म तपाईंहरूलाई स्वागत भन्दछु।

उपस्थित विद्वान् मित्रहरू, अलि ठूलो ठाउँ पाएकाले यसपटक हामीले तपाईंहरूलाई अलि धेरै सङ्ख्यामा बोलाउन सकेका छौं। भए पनि चाहेजति सबैलाई समेट्न सकिएन। नेपाली बुद्धिजीवीका प्रतिनिधिस्वरूप तपाईंहरू सबैलाई म स्वागत गर्दछु।

मित्रहरू, गत महिना एउटा छोटो भ्रमणका क्रममा म लन्डन पुगेको थिएँ। त्यहाँ बिबिसी नेपाली सेवाले मलाई बुस हाउसमा बोलाएर एउटा अन्तर्वार्ता लियो। मदन पुरस्कारसँग सम्बन्धित भएर नै म त्यहाँ पुग्न पाएको रहेछु भन्ने मलाई बोध भयो अन्तर्वार्ताका क्रममा। त्यो अन्तर्वार्ता मदन पुरस्कारमा मात्र केन्द्रित थियो। बिबिसीले मलाई सोध्यो– "मदन पुरस्कार पारदर्शी छैन भन्ने गुनासो छ, तपाईं के भन्नुहुन्छ?" मैले सक्दो बचाउ त गरें त्यहाँ। तर म पारदर्शी भएर आज तपाईंहरूलाई यसपटकको पुरस्कारबारे केही बताउन चाहन्छु। २०६३ को पुरस्कारका लागि जम्मा ७८ ओटा पुस्तक गुठीमा प्राप्त भएका थिए। गुठीका दुई उपसमितिले तिनलाई पटकपटक गरी छिमल्दै सातओटा ग्रन्थमा ल्याइपुऱ्यायो। ती सातोटा ग्रन्थ तीन थरी परीक्षककहाँ पठाइएछन्। त्यताबाट आएका प्रतिवेदनमा पुनः छलफल गर्दा त्यो सातको सङ्ख्या दुईमा झरेछ। महेशविक्रमजी, तपाईंको 'छापामारको छोरो' तिनै दुईमध्येको एउटा हो। यतिसम्म 'पारदर्शी' हुन सकिन्छ मित्रहरू। तर मलाई ती तीनजना परीक्षक को-को थिए भनेर नसोध्नुस् किनभने मलाई पनि योचाहिँ थाहा हुन्न!

अब अलिकति जगदम्बा-श्रीबारे। सातजनाको नाम सिफारिस भएर आएको थियो यसपटक। तिनलाई पनि नौ जनाको छनौट समितिले

छिमलेर दुई जनामा ल्याएछ। ती दुई नाममध्येबाट तपाईंको नाम सिफारिस गरेको हो डाक्टरसाहेब, छनौट समितिले। त्यसैलाई गुठीको साधारण सभाले अनुमोदन गरेको हो। तपाईंलाई बधाई छ।

अब, जगदम्बा-श्रीका बारेमा हामीले आजसम्म अपनाइआएको नियमावलीमा केही संशोधन गर्ने आयोजना छ। पुरस्कारका लागि नाम सिफारिस गर्न पाउने प्रणाली कायमै राखे तापनि गुठीले सिफारिस आह्वान गर्ने प्रथा अब हटाइनेछ। यत्ति जानकारी पारदर्शिताका लागि।

सधैंको भन्दा केही लामो स्वागतभाषण गर्नुपरेकोमा क्षमा माग्दै एकफेरा पुनः सबै अभ्यागतहरूलाई सुस्वागत भन्दै म बस्छु।

जय होस्!